जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६५ | २०८३ साल बैशाख २७ गते आईतवार | Sunday-10-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## फेटामा एम्बुलेन्स सेवा विवाद : 'आदेश बिना जान मिल्दैन' भन्दै बिरामी अलपत्र, विरोधपछि मात्रै पठाइयो एम्बुलेन्स

***शु.आ. संवाददाता***
***बारा, २६ वैशाख***

बाराको फेटा गाउँपालिकामा एम्बुलेन्स सेवा सञ्चालनलाई लिएर विवाद उत्पन्न भएको छ। गाउँपालिकाको एम्बुलेन्स समयमै नपाउँदा क्यान्सरपीडित एक महिलालाई निजी एम्बुलेन्समार्फत अस्पताल लैजानुपरेपछि स्थानीयवासीले गाउँपालिका नेतृत्वको कार्यशैलीमाथि प्रश्न उठाएका छन्।




फेटा गाउँपालिका वडा नम्बर ४ बतरा टोल निवासी नागेन्द्र ठाकुरकी पत्नी तेतरी देवी ठाकुर शुक्रबार बिहान अचानक गम्भीर बिरामी भएपछि परिवारजनले गाउँपालिकाको एम्बुलेन्स सेवाका लागि सम्पर्क गरेका थिए। तर एम्बुलेन्स चालकले "गाउँपालिका अध्यक्षको आदेश बिना जान मिल्दैन" भन्दै तत्काल सेवा दिन नसकिने जवाफ दिएको पीडित परिवारको आरोप छ।

परिवारजनका अनुसार गाउँपालिका अध्यक्ष रूस्तम अन्सारी लाई पटक-पटक फोन तथा सन्देशमार्फत सम्पर्क गर्ने प्रयास गरिए पनि तत्काल प्रतिक्रिया प्राप्त हुन सकेन। बिरामीको अवस्था थप जटिल बन्दै गएपछि बाध्य भएर निजी एम्बुलेन्सको व्यवस्था गरी अस्पताल लैजानुपरेको परिवारले जनाएको छ। घटनापछि स्थानीय स्तरमा तीव्र असन्तोष देखिएको छ। जनताको करबाट सञ्चालन हुने एम्बुलेन्स सेवा कुनै व्यक्ति विशेषको आदेशमा निर्भर हुनु नहुने भन्दै स्थानीयहरूले आलोचना गरेका छन्। बिरामीको ज्यान जोखिममा रहेको अवस्थामा प्रशासनिक ढिलासुस्ती हुनु दुःखद रहेको उनीहरूको भनाइ छ।

यस घटनाबारे स्थानीय युवा नेता उमेश दुबेले सामाजिक सञ्जालमार्फत कडा प्रतिक्रिया जनाएका छन्। उनले एम्बुलेन्स सेवा जनताको जीवनरक्षासँग जोडिएको विषय भएकाले त्यसलाई आदेश र पहुँचको आधारमा सञ्चालन गर्नु अमानवीय भएको बताएका छन्। जनताको करबाट सञ्चालन हुने सेवा प्रभावकारी र सहज रूपमा उपलब्ध हुनुपर्ने उनको धारणा छ।

स्थानीयवासीका अनुसार फेटा गाउँपालिकामा पछिल्लो समय जनसेवामुखी कामप्रति असन्तोष बढ्दै गएको छ। चुनावी प्रतिबद्धताअनुसार स्वास्थ्य तथा आधारभूत सेवामा अपेक्षित सुधार हुन नसकेको गुनासोसमेत स्थानीयहरूले गरेका छन्। चौतर्फी आलोचना र दबाबपछि गाउँपालिका अध्यक्ष अन्सारीले अन्ततः एम्बुलेन्स पठाएको पीडित परिवारले जनाएको छ। यद्यपि प्रारम्भिक समयमा सेवा नपाउँदा बिरामीको अवस्था थप जोखिममा परेको भन्दै स्थानीयहरूले स्वास्थ्य सेवामा तत्काल सुधार र स्पष्ट कार्यविधिको माग गरेका छन्।

## होटलको कोठाभित्र युवती मृत फेला : घाँटी थिचेर हत्या गरिएको आशङ्का, तीन जना नियन्त्रणमा

शु.आ. सम्बाददाता
बारा, २६ वैशाख

बाराको निजगढ नगरपालिका-९ स्थित गुरुङ होटलमा एक युवती मृत अवस्थामा फेला परेपछि क्षेत्र तनावग्रस्त बनेको छ। घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान तीव्र बनाएको जनाएको छ।



जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरका अनुसार निजगढ नगरपालिका-१२ कोलगाउँ निवासी १९ वर्षीया सीता थिङ होटलको एक कोठाभित्र अचेत अवस्थामा भेटिएकी थिइन्। घटनापछि होटलमा रहेका व्यक्तिहरूले उनलाई उपचारका लागि राति करिब ११ बजे निजगढ सामुदायिक अस्पताल पुऱ्याएका थिए। तर चिकित्सकले परीक्षणपछि उनलाई मृत घोषणा गरेका थिए।

प्रहरीको प्रारम्भिक अनुसन्धानले घटनालाई शंकास्पद देखाएको छ। युवतीको शरीरमा देखिएका अवस्थाका आधारमा घाँटी थिचेर हत्या गरिएको हुन सक्ने प्रहरीको अनुमान छ। यद्यपि पोस्टमार्टम रिपोर्ट नआएसम्म मृत्युको वास्तविक कारण यकिन गर्न नसकिने प्रहरीको भनाइ छ।

घटनापछि होटलमा उनीसँगै रहेको आशङ्कामा दुई पुरुष र एक महिलालाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको प्रहरीले जनाएको छ। अनुसन्धान प्रभावित हुन सक्ने भन्दै पक्राउ परेकाहरूको नाम र विवरण भने सार्वजनिक गरिएको छैन।

इलाका प्रहरी कार्यालय निजगढका अनुसार घटनास्थलबाट विभिन्न प्रमाण सङ्कलन गरिएको छ। होटलको कोठा सिल गरी प्राविधिक तथा फरेन्सिक कोणबाट समेत अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। शव पोस्टमार्टमका लागि तयारी अवस्थामा राखिएको छ।

घटनापछि निजगढ क्षेत्रमा त्रास र चासो बढेको छ। स्थानीय बासिन्दाले होटल, लज तथा सार्वजनिक स्थलहरूमा निगरानी र सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन माग गरेका छन्। केही स्थानीयले अपरिचित व्यक्तिको आवतजावत हुने होटलहरूमा नियमित अनुगमन आवश्यक रहेको बताएका छन्।

प्रहरीले घटनाका सबै पक्षमाथि सूक्ष्म अनुसन्धान भइरहेको जनाएको छ। दोषी पुष्टि भए कानुनअनुसार कडा कारबाही गरिने प्रहरीको भनाइ छ।

## रौतहटको बंकुल नाकामा प्रहरीकै सेटिङमा व्यापक तस्करीः सर्वसाधारणलाई सास्ती तस्करलाई उन्मुक्ति

***शु. आ. सम्बाददाता***
***रौतहट, २६ वैशाख***

जिल्लाको दक्षिण-पश्चिमी सीमावर्ती नाकाहरूबाट सुरक्षाकर्मीकै प्रत्यक्ष मिलोमतोमा व्यापक रूपमा तस्करी भइरहेको खुलासा भएको छ। जिल्लाको बंकुलसहितका सीमावर्ती क्षेत्रमा कार्यरत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकारीहरूले तस्करहरूसँग लाइन मिलाएर अवैध कारोबारलाई प्रोत्साहन दिएको स्थानीयले आरोप लगाएका छन्।



भारतीय बजार घोडासहन र चैनपुरबाट सेटिङ मिलाएर दैनिक लाखौं मूल्यका सामान अवैध रूपमा नेपाल भित्रिने गरेको छ। स्थानीयका अनुसार रात परेपछि बनजराहा, औरैया, मठिया, जयनगर, घिउरा, रामपुरखाप, र नरकटियाको बाँसघारी लगायतका चोरबाटोहरू प्रयोग गरी दर्जनौं मोटरसाइकल र साइकलमार्फत तस्करी हुने गरेको छ। तस्करहरूले विशेषगरी लत्ताकपडा, सुर्तीजन्य पदार्थ, मेसिनरी पार्टपुर्जा, धानको बीउ र मदिराको अवैध ओसारपसार गरिरहेका छन्।

मदिरा तस्करीको मुख्य ट्रान्जिट

छिमेकी भारतीय राज्य बिहारमा मदिरा निषेध रहेका कारण नेपालबाट भारततर्फ मदिरा तस्करी गर्ने गिरोह यस क्षेत्रमा सबैभन्दा बढी सक्रिय देखिएको छ। सीमावर्ती नेपाली बजारहरूबाट भारतीय तस्करहरूले सुरक्षाकर्मीकै अगाडिबाट निर्बाध रूपमा मदिरा लैजाने गरेको प्रत्यक्षदर्शीहरू बताउँछन्।

स्थानीयले सशस्त्र प्रहरी बलको बीओपी सरमुजवामा कार्यरत वरिष्ठ हवलदार रामजनम यादवले सशस्त्र प्रहरी निरीक्षक नवीन अलीको विश्वासपात्रका रूपमा काम गरिरहेको दाबी गरेका छन्। यादवले नरकटिया नाकामा बसेर तस्करहरूसँग मोटो रकम असुल्ने र सामान वारपार गराउन लाइन मिलाउने गरेको गम्भीर आरोप लागेको छ।

तस्करीमा संलग्न भनिएका नेपाली तस्करहरूमा अमजित साह, मिश्रिलाल, मोहन कुशवाहा, नुर सैयद, मुस्ताफा, र राजु जयसवाल रहेका छन् भने भारतीय तस्करहरू श्यामसुन्दर, सन्तोष, र जयप्रकाशको समूहले यो क्षेत्रमा आफ्नो वर्चस्व कायम गरेको बुझिएको छ।

सीमानाकामा राज्यको दुईथरी चरित्र देखिएको भन्दै स्थानीय आक्रोशित छन्

*बाँकी तेश्रो पृष्ठमा*

## मुसहर्वा नाकामा सशस्त्र प्रहरीमाथि मिलेमतोको आरोप, तस्करी बढ्दै

***शु.आ. सम्बाददाता***
***बारा, १६ वैशाख***

बारा जिल्लाको भारतसँग जोडिएको मुसहर्वा नाका पछिल्लो समय तस्करीको प्रमुख मार्गका रूपमा चर्चामा आएको छ। स्थानीय बासिन्दाले सशस्त्र प्रहरीको कमजोर निगरानी तथा आर्थिक चलखेलका कारण सीमाक्षेत्रमा तस्करी गतिविधि बढ्दै गएको आरोप लगाएका छन्।



नेपाल सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामान भन्सार प्रक्रिया बिना आयात गर्न रोक लगाए पनि मुसहर्वा नाकामा भने त्यसको प्रभाव नदेखिएको स्थानीयको गुनासो छ। उनीहरूका अनुसार दैनिक रूपमा ठूलो परिमाणमा कपडा तथा अन्य सामग्री भारतबाट अवैध रूपमा नेपाल भित्रिने गरेको छ। स्थानीय स्रोतका अनुसार बोर्डर आउट पोस्ट (बीओपी) बरैनियाबाट सादा पोशाकमा सुरक्षाकर्मी परिचालन गरिएको विषयले थप शंका उत्पन्न गरेको छ। सशस्त्र प्रहरी बलको आन्तरिक नीति विपरीत केही सुरक्षाकर्मी घुमुवाका रूपमा परिचालित भई तस्करहरूसँग आर्थिक लेनदेनमा संलग्न रहेको आरोप स्थानीयले लगाएका छन्। बरैनिया बीओपीसँग सम्बद्ध केही सुरक्षाकर्मीले तस्कर समूहसँग नियमित रकम उठाउने गरेको चर्चा सीमावर्ती क्षेत्रमा व्यापक रूपमा फैलिएको स्थानीयको दाबी छ। मुसहर्वा नाका हुँदै कमलेश, अरबिन्द, बिरेन्द्र, सुरेन्द्र, पप्पु र सरोजलगायत व्यक्तिहरू सक्रिय रूपमा तस्करीमा संलग्न रहेको स्थानीयको आरोप छ। उनीहरूले दैनिक रूपमा कपडा तथा अन्य सामान अवैध रूपमा नेपाल भित्र्याउने गरेको बताइएको छ। यसका साथै कवाड तस्करीसमेत बढ्दै गएको स्थानीयको भनाइ छ। दिनभर नेपालतर्फ कवाड संकलन गरी रातिको समयमा ठेलामार्फत भारततर्फ निकासी हुने गरेको आरोप लगाइएको छ। लामो समयदेखि यस्तो गतिविधि भइरहे पनि सम्बन्धित निकाय प्रभावकारी रूपमा सक्रिय नदेखिएको गुनासो गरिएको छ।

स्थानीय बासिन्दाले सीमाक्षेत्रमा मौलाउँदै गएको तस्करी नियन्त्रण गर्न उच्चस्तरीय छानबिनको माग गरेका छन्। दोषीमाथि निष्पक्ष अनुसन्धान गरी कडा कारबाही नगरिए सीमावर्ती क्षेत्र थप असुरक्षित र अराजक बन्ने चेतावनी उनीहरूले दिएका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# घरमै राहदानी सेवा : नागरिकमैत्री अभ्यासको सुरुवात

बारा जिल्लामा हुलाकमार्फत घरमै राहदानी वितरण सेवा सुरू हुनु सरकारी सेवा प्रवाहलाई सहज र नागरिकमैत्री बनाउने दिशामा सकारात्मक कदम हो । जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीचको सहकार्यमा सुरू गरिएको यो सेवाले अब राहदानी लिन सेवाग्राहीले पटक-पटक कार्यालय धाउनुपर्ने बाध्यता केही हदसम्म अन्त्य गर्ने अपेक्षा गरिएको छ ।

विशेषगरी ग्रामीण भेगका नागरिकका लागि यो सेवा निकै उपयोगी देखिन्छ । सामान्य एउटा राहदानी बुझ्नकै लागि समय, खर्च र झन्झट बेहोर्नुपर्ने अवस्था लामो समयदेखि रहँदै आएको थियो । अब सेवाग्राहीले आवेदनकै समयमा घरमै राहदानी बुझ्ने विकल्प रोज्न सक्ने व्यवस्था गरिनु आधुनिक र व्यवहारिक सोचको उदाहरण हो ।

सरकारले अघि सारेको १०० बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत सुरू गरिएको यो योजना सफल कार्यान्वयन भएमा सार्वजनिक सेवा प्रवाहप्रति नागरिकको विश्वास बढ्न सक्छ । साथै कार्यालयमा हुने भीडभाड कम हुनुका साथै सेवा प्रक्रिया थप व्यवस्थित बन्ने अपेक्षा पनि गरिएको छ ।

तर यस्ता योजनाको सफलता प्रभावकारी कार्यान्वयनमै निर्भर हुन्छ । राहदानीजस्तो संवेदनशील कागजात सुरक्षित रुपमा सम्बन्धित व्यक्तिसम्म पुग्ने व्यवस्था बलियो हुनुपर्छ । वितरण प्रक्रियामा पारदर्शिता, पहिचान प्रमाणीकरण र जिम्मेवारी स्पष्ट हुन आवश्यक छ ।

सरकारी सेवा नागरिकको घरदैलोमै पुर्‍याउने अवधारणा व्यवहारमा सफल भए भविष्यमा अन्य सेवाहरु पनि यस्तै माध्यमबाट विस्तार गर्न सकिने आधार तयार हुनेछ । त्यसैले यो योजनालाई केवल घोषणा होइन, परिणाममुखी सेवाका रुपमा स्थापित गर्न सम्बन्धित निकाय गम्भीर हुनुपर्छ ।

# कानुनी कठोरताभित्र प्रेमको मूल्य !



अजवी पौड्याल

न्याय प्रणालीले भावना र कानुनको सन्तुलन खोज्नुपर्छ । कठोर कानुनले मात्र समाजलाई सभ्य बनाउन सक्दैन । बालबालिकालाई अपराधी होइन, सचेत नागरिक बनाउनु पर्नेछ ।

सिन्धुलीको खुर्कोट हिरासतमा श्रीकृष्ण विक मृत भेटिए । विकले १७ वर्षीया किशोरीसँग प्रेमविवाह गरेका थिए । किशोरी पक्षले उनलाई बलात्कारको उजुरी दिएका थिए । प्रहरीले उनलाई पक्राउ गरी हिरासतमा राखेको थियो । आफन्तले यसलाई झुटो जाहेरी र हत्याको आरोप लगाएका छन् । यो घटनाले हाम्रो कानुनी संयन्त्रमाथि प्रश्न उठाएको छ ।

अदालती नजिर र मानवीय दृष्टिकोण : सर्वोच्च अदालतका माननीय न्यायाधीशद्वय हरिप्रसाद फुयाल र कुमार चुडालले पर्वतका दुर्गाबहादुर विक र अम्बिका कडेल प्रतिवादी भई नेपाल सरकार वादी भएको मुद्दामा एक नजिर स्थापना गरेका छन् । उक्त मुद्दाको अन्तिम फैसला गर्ने क्रममा सर्वोच्च अदालतले भनेको थियो । असुरक्षित यौन सम्बन्धमा किशोरको अधिकार पनि हेर्नुपर्छ । यस्ता कसुरमा उनीहरूलाई सुधारको मौका दिनुपर्ने देखिन्छ । कडा कैदले उनीहरूको सामाजिक पुनर्स्थापनामा समस्या ल्याउँछ । किशोरावस्थाको गर्भधारणलाई अनैतिक भन्नुमात्र समाधान होइन । यसलाई असावधानीपूर्वक गरिएको मानवीय कार्यका रूपमा हेरिनुपर्छ । अदालतले मानवीय संवेदनालाई कानुनसँग जोड्न खोजेको छ ।

समान उमेर समूहबीचको सहमतिको सम्बन्धलाई अपराधीकरण गर्नु दुःखद् छ । यसले गर्दा धेरै बालबालिकाले ठूलो दुःख पाइरहेका छन् । प्रेम सम्बन्धमा रहेका किशोरहरू अहिले जेल परिरहेका छन् । गरिबी, धर्म र जात फरक हुँदा मुद्दा हाल्ने गरिन्छ । समाजले यसलाई सजिलै स्वीकार गर्न नसकेको देखिन्छ । जाहेरी दर्ता गर्ने प्रवृत्तिले कानुनी जटिलता थपिएको छ । समान उमेर समुहका नाबालक नाबालिकाबीच सहमतिमा भएका सम्बन्धलाई बलात्कारको मुद्दा चलाउनु गलत हो । यसले गर्दा बालकहरू बालसुधार गृहमा पुग्न बाध्य छन् । बरु यस्तो अवस्थामा अभिभावकले मनोवैज्ञानिक उपचार गर्नुपर्छ । अहिले पनि सयौ नाबालक नाबालिका बालसुधार गृहमा रहेको प्रहरी तथ्यांक नै छ । यसमध्ये अधिकांश जबर्जस्ती करणी मुद्दाका छन् ।

सामाजिक दायित्व- कानुनको कठोरता : समाजको मुख्य दायित्व बालबालिकालाई शोषणबाट जोगाउनु हो । यसका लागि नेपालमा कडा कानुनहरू निर्माण गरिएका छन् । तर यी कानुनले किशोरावस्थाको भावना बुझ्न सकेका छैनन् । प्राकृतिक हुर्काइ र सहमतिलाई कानुनले कुल्चिने काम गरेको छ । विवाह गरिसकेका जोडीलाई पनि जबर्जस्ती छुटाउने गरिन्छ । यसको उपचार त घटनाअघि नै गरिसक्नुपर्छ । नत्र यस्तो अभ्यासले बालबालिकाको भविष्य नै बर्बाद बनाउँछ । कानुनले न्याय दिने कि भविष्य बिगार्ने भन्ने प्रश्न छ । हामीले यस विषयमा गम्भीर मन्थन गर्न जरुरी छ ।

नेपालमा अहिले निकै त्रासदीपूर्ण अवस्था सिर्जना भएको छ । शोषण रोक्ने कानुनले आपसी सहमतिलाई अपराध मानेको छ । दुर्व्यवहार र प्राकृतिक सम्बन्धबीचको भिन्नता कानुनले खुट्याउन सकेन । हजारौं किशोरहरू अहिले बिनागल्ती कानुनी प्रताडना भोग्दैछन् । सामाजिक लाञ्छनाले उनीहरूको मनोविज्ञानमा ठूलो चोट पुर्‍याएको छ । यो अवस्थाले कानुनी प्रणालीको व्यावहारिक असफलता देखाउँछ । हामीले कानुनलाई अझ बढी न्यायमैत्री बनाउन आवश्यक छ ।

मुलुकी संहिता, व्यवहारको निर्ममता : मुलुकी अपराध संहिताको दफा २१९ निकै स्पष्ट छ । १८ वर्षमुनिका किशोरीसँगको यौन सम्बन्ध बलात्कार मानिन्छ । यो व्यवस्था बालबालिकाको हितका लागि ल्याइएको भनिन्छ । तर यसको व्यावहारिक प्रयोग भने निकै निर्मम देखिन्छ । १६ वा १७ वर्षका किशोरलाई पनि छुट दिइँदैन । उनीहरूबीचको सम्बन्ध पूर्ण सहमतिमा भए पनि जेल जानुपर्छ । किशोरावस्था हर्मोनल परिवर्तन र यौन आकर्षणको समय हो । यसलाई नितान्त प्राकृतिक र सामान्य मानवीय व्यवहार मानिन्छ ।

कानुनी लाञ्छनाले सामाजिक दबाब सेन्टर फर रिप्रोडक्टिभ राइट्स र योशानले सन् २०२३ मा गरेको अध्ययनको तथ्यांकअनुसार, सहमतिमा आधारित र पूर्ण रूपमा शोषणरहित सम्बन्धमा रहेका किशोरहरूमाथि किशोरीका परिवारहरूले ‘बलात्कार’को मुद्दा दायर गर्ने प्रवृत्ति बढ्दो छ । यस्ता घटना प्रायः कुनै हिंसा वा यौन शोषणका कारणले दर्ता हुँदैनन् । अभिभावकहरूको असहमति र सामाजिक दबाब यसको मुख्य कारण हुने गरेको छ । फरक जातका किशोरकिशोरीको सहमतिको सम्बन्धलाई किशोरीका परिवारले कानुनलाई हतियारको रूपमा प्रयोग गर्ने गरेका छन् । यसको परिणाम निकै भयानक हुन्छ– किशोरलाई हतकडी लगाइन्छ, जेलमा हालिन्छ । दुवैको विद्यालय छुट्छ । उनीहरूलाई जबरजस्ती छुट्याइन्छ र समाजमा आजीवन ‘बलात्कारी’ र कलंकित’को लाञ्छना भिराइन्छ । एउटा सामान्य प्रेम सम्बन्धलाई अपराधको जामा पहिर्‍याइँदा उनीहरूको कलिलो मनोविज्ञानमा पर्ने असर र भताभुंग हुने भविष्यको हिसाबकिताब हाम्रो कानुनी प्रणालीले राख्दैन ।

प्रेम-सम्बन्धलाई अपराध मान्दा भविष्य भताभुंग हुने गर्छ । कानुनी प्रणालीले यस्तो मनोविज्ञानको हिसाब राख्दैन । किशोरावस्थाको यौनिकतालाई अपराधीकरण गर्नु अन्तर्राष्ट्रिय मानवअधिकारविरुद्ध छ । नेपाल बाल अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र हो । महासन्धिले किशोरलाई अधिकार भएका व्यक्तिका रूपमा मान्दछ । उनीहरूको विकसित हुँदै जाने क्षमतालाई स्वीकार गर्नुपर्छ । समान उमेरका किशोरबीचको सम्बन्धलाई अपराध मान्न मिल्दैन । कानुनले सुरक्षा र स्वायत्तताबीच सन्तुलन मिलाउनुपर्छ ।

मानसिक स्वास्थ्यसँगै लुकेको जोखिम : कानुन कठोर हुँदैमा किशोरहरूले सम्बन्ध बनाउन छोड्दैनन् । भावनासँग जोडिएका यस्ता सम्बन्धहरू झन् विस्फोट हुन सक्छन् । सजायको डरले उनीहरू सम्बन्ध लुकाउन बाध्य हुन्छन् । यसले असुरक्षित शारीरिक सम्बन्धका गतिविधि बढाउँछ । उनीहरूको मानसिक स्वास्थ्यमा यसले नराम्रो असर पार्छ । किशोरहरू निरन्तर निगरानी र त्रासमा बाँच्नुपर्ने हुन्छ । सामाजिक रूपमा उनीहरू एक्लो र विरक्त बन्दै जान्छन् । यसले गर्दा आत्महत्याजस्ता अप्रिय घटनाहरू घट्छन् ।

लाञ्छना र डरले उनीहरू स्वास्थ्य सेवा लिन डराउँछन् । पक्राउ पर्ने डरले सुरक्षित साधन प्रयोग गर्दैनन् । स्वास्थ्यकर्मीसँग परामर्श लिन पनि उनीहरू निकै हिचकिचाउँछन् । यसले अनिच्छित गर्भधारणको जोखिमलाई झन् बढाउने गर्छ । ज्यानै जाने गरी यौनजन्य संक्रमणको डर पनि रहन्छ । जुन कानुन सुरक्षाका लागि हो, त्यसैले जोखिम बढायो । सहमतिमा भएका सम्बन्धलाई अपराधीकरण गर्नु न्यायोचित देखिँदैन । यसले बाल संरक्षणको मूल उद्देश्य नै पूरा गर्दैन ।

कानुनी सुधारले तय गर्छ आगामी मार्ग : अहिलेको अवस्थामा तत्काल गम्भीर कानुनी सुधार आवश्यक छ । वास्तविक यौन शोषण र सहमतिबीच स्पष्ट भिन्नता खोजिनुपर्छ । यी दुई पक्षलाई एउटै तराजुमा जोख्नु हुँदैन । कानुनी धारणामा व्यापक परिवर्तन ल्याउन जरुरी देखिन्छ । राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डसँग अब मिलाउनुको अब विकल्प छैन । बालबालिकाको सर्वोत्तम हितलाई सधैं केन्द्रमा राख्नुपर्छ । सहमतिमा भएका गतिविधिलाई फौजदारी अपराध मान्ने कि नमान्ने, परिपक्व निर्णयमा पुग्नु वेश हुनेछ । किनकि सजाय र जेलले मात्र समाधान दिने छैन ।

विद्यालय स्तरबाटै विस्तृत यौनिकता शिक्षा लागू गरौं । युवामैत्री स्वास्थ्य सेवामा उनीहरूको सहज पहुँच पुर्‍याऔं । राज्यले यस्ता दीर्घकालीन सुधारका लागि कदम चाल्नुपर्छ । कानुनको काम जीवन जोगाउनु र बाटो देखाउनु हो । प्राकृतिक भावनालाई अपराध मानेर भविष्य बर्बाद पार्नु हुँदैन । समयमै बहस नभए निर्दोष बालबालिकाले दुःख पाइरहनेछन् । परिवारको दबाबले किशोर जेल र किशोरी ट्रमामा छन् । यो चक्रलाई रोक्न कानुनी र सामाजिक पहल चाहियो ।

न्यायको नयाँ गन्तव्य : न्याय प्रणालीले भावना र कानुनको सन्तुलन खोज्नुपर्छ । कठोर कानुनले मात्र समाजलाई सभ्य बनाउन सक्दैन । बालबालिकालाई अपराधी होइन, सचेत नागरिक बनाउनु पर्नेछ । सहमति र उमेरको गाम्भीर्यलाई कानुनले बुझ्नुपर्छ । खुर्कोटको जस्तो दुःखद घटना दोहोरिन दिनु हुँदैन । प्रेमलाई हतकडी लगाउँदा समाजको नैतिकतामा प्रश्न उठ्छ । हामीले आधुनिक र मानवीय न्याय प्रणालीको बाटो रोजौं । बालबालिकाको सुन्दर भविष्यका लागि सुधार अनिवार्य छ । अब हरेक नागरिकले न्यायको अनुभूति गर्न पाउनुपर्छ । विभेदकारी कानुनले समाजमा विद्रोहमात्र निम्त्याउने गर्छ । सबै बालबालिकाको अधिकार र भावनाको सम्मान गरौं । कानुनी सुधारले मात्र वास्तविक न्याय सम्भव हुनेछ । हामीले आजैबाट यस विषयमा साझा बहस गरौं ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# विश्व तापक्रम वृद्धि तीव्र बन्दै, समुद्री सतह लगातार बढ्दै

*एजेन्सी-* युरोपेली सङ्घअन्तर्गतको जलवायु निगरानी निकायले शुक्रबार विश्वका महासागरहरूको सतही तापक्रम हालैका दिनहरूमा अत्यन्त उच्च स्तरको नजिक पुगेको चेतावनी दिएको छ।



वैज्ञानिकहरूको भनाइअनुसार अहिलेको अवस्था सन् २०२४ मा देखिएको सबैभन्दा तातो समुद्री तापक्रमको रेकर्डभन्दा थोरै मात्र कम छ, र आगामी केही दिन वा हप्ताभित्रै नयाँ कीर्तिमान बन्न सक्ने सम्भावना बलियो बनेको छ।

युरोपेली मध्यम दूरी मौसम पूर्वानुमान केन्द्रकी जलवायु प्रमुख सामन्था बर्गेसले बताएअनुसार महासागरको सतह निरन्तर तातिँदै गएको छ र यसले विश्व जलवायु प्रणालीमा ठूलो परिवर्तनको संकेत दिइरहेको छ। उनले मे महिनामा मात्र पनि समुद्री तापक्रमले नयाँ ऐतिहासिक रेकर्ड तोड्ने सम्भावना उच्च रहेको बताएका छन्।

युरोपेली सङ्घअन्तर्गतको कोपरनिकस जलवायु परिवर्तन सेवाले अप्रिल महिनामा विश्वभर समुद्री तापक्रम क्रमशः बढ्दै गएको र यो हालसम्म मापन गरिएको दोस्रो सबैभन्दा उच्च स्तरमा पुगेको पुष्टि गरेको छ। विशेषगरी प्रशान्त महासागरदेखि उत्तर अमेरिकासम्म फैलिएको क्षेत्रमा समुद्री तातो लहर अत्यधिक रूपमा बढेको छ, जसले धेरै क्षेत्रमा जलवायु असन्तुलन सिर्जना गरेको छ।

यसैबीच, विश्व मौसम सङ्गठनले पनि 'एल निनो' अवस्था आगामी मेदेखि जुलाई महिनाभित्र विकसित हुन सक्ने चेतावनी दिएको छ।

'एल निनो' प्रशान्त महासागरको तापक्रम र वायुप्रवाहमा हुने प्राकृतिक परिवर्तन हो, जसले विश्वभर खडेरी, अत्यधिक वर्षा, आँधीबेहरी र अन्य चरम मौसम घटनाहरू बढाउने गर्छ।

वैज्ञानिकहरूको अध्ययनअनुसार एल निनो मात्र अहिलेको तापक्रम वृद्धिको कारण होइन, तर मानव गतिविधिबाट उत्सर्जित हरितगृह ग्यासका कारण भइरहेको दीर्घकालीन ग्लोबल वार्मिङसँग मिलेर यसले पृथ्वीको तापक्रम अझ तीव्र रूपमा बढाइरहेको छ। यसकै प्रभावस्वरूप पछिल्लो एल निनो अवधिमा सन् २०२३ र २०२४ क्रमशः अहिलेसम्मकै दोस्रो र सबैभन्दा तातो वर्ष बनेका थिए।

केही मौसम पूर्वानुमानहरूले आगामी एल निनो अझ शक्तिशाली हुन सक्ने अनुमान गरेका छन्, जसलाई तीन दशकअघिको अत्यन्त शक्तिशाली एल निनोसँग तुलना गर्न सकिन्छ।

बर्कले अर्थ अनुसन्धान संस्थाका वैज्ञानिक जेक हाउसफादरका अनुसार यदि आगामी एल निनो शक्तिशाली भयो भने सन् २०२७ अहिलेसम्मकै सबैभन्दा तातो वर्ष बन्ने सम्भावना अझ बढ्नेछ।

सामन्था बर्गेसले स्पष्ट पारेअनुसार अहिले नै यसको शक्ति कति हुनेछ भनेर निश्चित रूपमा अनुमान गर्न कठिन छ, किनभने वसन्त ऋतुमा गरिने पूर्वानुमानहरू प्रायः अनिश्चित हुन्छन्। तर उनले जोड दिँदै भन,'यसको प्रभाव भने विश्वव्यापी रूपमा स्पष्ट रूपमा महसुस हुनेछ।' उहाँका अनुसार एल निनोको चरम प्रभाव प्रायः यसको शिखर वर्षपछि देखिन्छ, जसले गर्दा आगामी वर्षहरूमा तापक्रम अझ बढ्ने सम्भावना रहन्छ।

कोपरनिकसले मार्च र अप्रिल महिनामा समुद्री तापक्रम निरन्तर बढ्दै जानुले एल निनोतर्फको सङ्क्रमण सुरु भइसकेको संकेत गर्छ। वैज्ञानिकहरूका अनुसार अहिले देखिएको अत्यधिक तापक्रम केवल प्राकृतिक एल निनोका कारण मात्र होइन, तर जीवाश्म इन्धनको अत्यधिक प्रयोगका कारण भइरहेको दीर्घकालीन जलवायु परिवर्तनले पनि प्रमुख भूमिका खेलेको छ।

अप्रिल महिनामा विश्वको औसत तापक्रम औद्योगिक क्रान्तिभन्दा पहिलेको (सन् १८५० देखि १९००) स्तरभन्दा १.४३ डिग्री सेल्सियस बढी मापन गरिएको थियो। त्यस्तै, आर्कटिक क्षेत्रको समुद्री बरफ पनि लगभग ऐतिहासिक न्यून स्तरको नजिक पुगेको छ, जसले पृथ्वीको जलवायु प्रणालीमा गहिरो असर देखाइरहेको छ।

# रौतहटको.......

। एकातिर घरायसी प्रयोजनका लागि भारतीय बजारबाट एक-दुई किलो दाल वा चिनी ल्याउने सर्वसाधारणलाई सीमामा खटिएका सुरक्षाकर्मीले चेकजाँचका नाममा सास्ती दिने र सामान जफत गर्ने गरेका छन्। अर्कोतिर लाइन बुझाउने ठूला तस्करहरूले भने प्रहरीकै संरक्षणमा ट्रक र मोटरसाइकलका लस्कर लैजाँदा पनि बीओपी सरमुजवा, औरैया र बिओपी फतुवाका इन्चार्ज राजन श्रेष्ठ मौन बस्नुले सुरक्षा निकायको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ। स्थानीय एक बासिन्दाले गुनासो गर्दै भने सीमामा सरकार छैन, तस्करको राज छ। सानालाई ऐन ठूलालाई चयन भनेको यही हो।

वर्तमान सरकार नीतिगत कुरा र राजनीतिक अन्योलमा अल्झिँदा सीमा क्षेत्रमा बेथिति मौलाएको छ। राजस्व चुहावट र अवैध कारोबार रोक्न राज्यले आफ्नै सुरक्षा संयन्त्रभित्रका भ्रष्ट कर्मचारीमाथि छानबिन गरी तस्करहरूप्रति निर्मम र सर्वसाधारणप्रति न्यायपूर्ण व्यवहार देखाउनु अति आवश्यक देखिएको छ।






# बारा र पर्सामा सशस्त्र प्रहरीको छापा : १४ लाख बढीको कपडा र किराना सामान बरामद

*हरिकिशोर शर्मा*
*पर्सा, २६ वैशाख*

पर्सा र बाराका विभिन्न स्थानमा सशस्त्र प्रहरीले गरेको छापामार कारबाहीमा भारतबाट अवैध रूपमा भित्र्याइएका कपडा तथा किराना सामान बरामद गरिएको छ। बरामद सामानको कुल मूल्य १४ लाख रुपैयाँभन्दा बढी रहेको सशस्त्र प्रहरीले जनाएको छ।



सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका अनुसार बाराको विश्रामपुर गाउँपालिका-५ कटुवा वीर्ताटोलास्थित एक गोठमा लुकाइछिपाइ भण्डारण गरेर राखिएको १७ पोका कपडा बरामद गरिएको हो। विशेष सूचनाका आधारमा वीरगंजबाट सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारीको नेतृत्वमा खटिएको टोलीले भन्सार कर्मचारीसँग संयुक्त रूपमा छापा मारेर उक्त सामान नियन्त्रणमा लिएको थियो। सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाका अनुसार बरामद कपडाको अनुमानित बजार मूल्य ११ लाख ७५ हजार रुपैयाँ रहेको छ। राजस्व छली गरेर नेपाल भित्र्याइएका कपडाहरू गोठमा लुकाएर राखिएको अवस्थामा फेला परेको उनले बताए। त्यसैगरी शनिबार नै पर्साको जिराभवानी गाउँपालिका-१ बलुवास्थित नेपाल-भारत सीमाक्षेत्र नजिकका केही घरमा भण्डारण गरेर राखिएको किराना सामानसमेत सशस्त्र प्रहरीले बरामद गरेको छ। उक्त किराना सामानको मूल्य २ लाख ३५ हजार ५०० रुपैयाँ रहेको जनाइएको छ। सीमावर्ती क्षेत्रमा पछिल्लो समय तस्करी गतिविधि बढ्दै गएपछि सशस्त्र प्रहरीले निगरानी तथा छापामार कारबाहीलाई तीव्र बनाएको जनाएको छ। बरामद गरिएका कपडा तथा किराना सामान आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ।

# बजेट र नीति कार्यक्रममा जनसहभागिता बढाउन सुझाव संकलन पोर्टल सञ्चालनमा

*काठमाडौं, २६ वैशाख*

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा नीति एवं कार्यक्रमका लागि नागरिकका सुझाव संकलन गर्न डिजिटल 'सुझाव संकलन पोर्टल' सञ्चालनमा ल्याएको छ।




सरकारले सोमबार सार्वजनिक गर्ने नीति तथा कार्यक्रम तथा जेठ १५ गते प्रस्तुत हुने बजेटलाई थप सहभागितामूलक र जनमुखी बनाउने उद्देश्यसहित उक्त पोर्टल सञ्चालनमा ल्याइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार देश तथा विदेशमा रहेका नेपाली नागरिक, विषय विज्ञ, नीति-निर्माता तथा सरोकारवालाले पोर्टलमार्फत विकासका प्राथमिकता, बजेट विनियोजन तथा सुधारका विषयमा प्रत्यक्ष सुझाव दिन सक्ने व्यवस्था गरिएको छ।

उनले सरकारको नीतिनिर्माण प्रक्रियालाई केवल प्रशासनिक दायरामा सीमित नराखी आमनागरिकको भावना, अनुभव र विज्ञताको सम्मान गर्ने उद्देश्यले यो पहल थालिएको बताइन्।

"नागरिक र राज्यबीचको दूरी कम गर्दै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने उद्देश्यका साथ यो डिजिटल प्रणाली सञ्चालनमा ल्याइएको हो," दाहालले भनिन्।

पोर्टलमा नागरिकले दिएका सुझावको अवस्था, त्यसमा सरकारले गरेको अध्ययन तथा चालेका कदमबारे जानकारी लिन सकिने 'सुझाव ट्र्याक' सुविधा पनि समावेश गरिएको छ। यसले नागरिकलाई आफ्ना सुझावको प्रगति प्रत्यक्ष रूपमा अनुगमन गर्न सहज हुने विश्वास गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक वेबसाइटमार्फत नागरिकले उक्त पोर्टल प्रयोग गरी आफ्ना सुझाव सिधै प्रधानमन्त्रीको सचिवालयसम्म पठाउन सक्ने व्यवस्था गरिएको सचिवालयले जनाएको छ।

# दरबन्दी विभेदको आरोप लगाउँदै जनकपुरधाममा स्वास्थ्यकर्मीको प्रदर्शन, स्वास्थ्यमन्त्रीको राजीनामा माग

*जनकपुर, २६ वैशाख*

सरकारले हालै सार्वजनिक गरेको स्वास्थ्य क्षेत्रको नयाँ दरबन्दीप्रति असन्तुष्टि जनाउँदै जनकपुरधाममा स्वास्थ्यकर्मीहरूले प्रदर्शन गरेका छन्। विभिन्न सरकारी तथा निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूले शनिबार मधेश प्रदेशकी स्वास्थ्यमन्त्री निशा मेहताको राजीनामासमेत माग गरेका हुन्।

हेल्थ असिस्टेन्ट, अनमी, ल्याब असिस्टेन्ट, रेडियोग्राफी तथा सिएमएलगायत प्राविधिक स्वास्थ्यकर्मीहरूको सहभागितामा निकालिएको विरोध र्‍याली जनकपुरधामका विभिन्न चोक तथा मुख्य सडक परिक्रमा गरेको थियो। प्रदर्शनका क्रममा सहभागीहरूले स्वास्थ्य क्षेत्रमा विभेद भएको आरोप लगाउँदै सरकारविरुद्ध नाराबाजी गरेका थिए। प्रदर्शनकारीहरूले 'हेपाइ होइन अधिकार चाहिन्छ', 'स्वास्थ्यकर्मीको सम्मान गर', 'स्वास्थ्य क्षेत्रको विभेद अन्त्य गर' जस्ता नारासहित सरकारको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका थिए।

स्वास्थ्यकर्मी नवेश अधिकारीले लामो समयपछि स्वास्थ्य क्षेत्रमा दरबन्दी खुलाइएको भए पनि हेल्थ असिस्टेन्ट, ल्याब तथा अन्य प्राविधिक पदमा शून्य दरबन्दी राखिनु अन्यायपूर्ण भएको बताए। उनले सरकारले नर्सिङ र चिकित्सकबाहेक अन्य स्वास्थ्य जनशक्तिलाई बेवास्ता गरेको आरोप लगाए। उनका अनुसार नेपालमा प्रत्येक वर्ष हजारौं स्वास्थ्यकर्मी उत्पादन भइरहे पनि सरकारी सेवामा अवसर नखुल्दा दक्ष जनशक्ति बेरोजगार बन्न बाध्य भएका छन्।

प्रदर्शनकारीहरूले सरकारले आफ्नो निर्णय पुनरावलोकन नगरे आगामी सोमबार काठमाडौं केन्द्रित थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्। साथै स्वास्थ्य क्षेत्रप्रति गैरजिम्मेवार रवैया देखाएको आरोप लगाउँदै स्वास्थ्यमन्त्री मेहताले नैतिकताको आधारमा पदबाट राजीनामा दिनुपर्ने मागसमेत उनीहरूले गरेका छन्।

# धोबिनीको विद्यालयमा ह्युमन लभ च्यारिटी फन्डको शैक्षिक सहयोग, उत्कृष्ट विद्यार्थी सम्मानित

*राजन कुमार बानिया*
*पर्सा, २६ वैशाख*

पर्साको धोबिनी गाउँपालिका-५ स्थित श्री अजीज मियाँ माध्यमिक विद्यालयमा ह्युमन लभ च्यारिटी फन्डद्वारा आयोजित पुरस्कार वितरण तथा शैक्षिक सहयोग कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ।

कार्यक्रमअन्तर्गत कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्दै प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो। विद्यार्थीहरूमा अध्ययनप्रति थप उत्साह, प्रतिस्पर्धात्मक भावना र सकारात्मक शैक्षिक वातावरण सिर्जना गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ।

कार्यक्रमकै अवसरमा ह्युमन लभ च्यारिटी फन्डले शैक्षिक सत्र २०८३ भर विद्यालयमा आवश्यक पर्ने मार्कर तथा इङ्कको सम्पूर्ण खर्च व्यहोर्ने घोषणा गरेको छ। संस्थाको यस निर्णयलाई विद्यालयको शैक्षिक व्यवस्थापनमा महत्वपूर्ण सहयोगका रूपमा हेरिएको छ। विद्यालय परिवारले संस्थाको योगदानको प्रशंसा गर्दै ह्युमन लभ च्यारिटी फन्डलाई विशेष सम्मानसमेत प्रदान गरेको थियो। संस्थाका प्रतिनिधिहरूले शिक्षा क्षेत्रमा निरन्तर सहयोग गर्दै समाज परिवर्तनमा योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गरेका छन्। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनौवर अहमद, प्रधानाध्यापक जितेन्द्र राम, समाजसेवी फैयाज अन्सारी, संस्थाका प्रमुख सल्लाहकार मुकेश पटेल, उपाध्यक्ष दिपेन्द्र चौधरी सहनी, सचिव म. रिजवान अन्सारी तथा वित्तीय सल्लाहकार म. खालिद अन्सारीलगायत शिक्षक, अभिभावक र सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

"शिक्षामा गरिएको लगानी नै समाज विकासको आधार हो" भन्ने सन्देशसहित सम्पन्न कार्यक्रमले स्थानीय समुदायमा सकारात्मक चर्चा पाएको छ।

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - बहुदरमाई नगरपालिका पर्सा

# कोल्हबी बजार व्यवस्थापनमा उद्योग वाणिज्य संघ सक्रिय, सदस्य व्यापारीलाई दुर्घटना बिमा सुविधा दिने निर्णय

***नवीन चौधरी***
***बारा, २६ बैशाख***

बाराको कोल्हबी मा बजार व्यवस्थापन, सरसफाइ, पार्किङ तथा व्यापारी सुरक्षालाई केन्द्रमा राखेर आयोजित अन्तरक्रिया कार्यक्रममा विभिन्न महत्वपूर्ण निर्णयहरू गरिएको छ । कोल्हबी नगर उद्योग वाणिज्य संघ ले बजारलाई व्यवस्थित र सुरक्षित बनाउन सरोकारवालासँग छलफल गर्दै सदस्य व्यापारीहरूका लागि दुर्घटना बिमा सुविधा उपलब्ध गराउने घोषणा गरेको हो । संघका अध्यक्ष राम प्रसाद प्रसाईं को सभापतित्व तथा वरिष्ठ उपाध्यक्ष प्रेम चौधरी को सञ्चालनमा सम्पन्न कार्यक्रममा बजारको अव्यवस्थित अवस्था, फोहोर व्यवस्थापन, गाडी पार्किङ, नगर प्रहरीको आवश्यकता, गुद्री बजार सञ्चालन तथा करसम्बन्धी सचेतनामूलक कार्यक्रमबारे व्यापक छलफल गरिएको थियो । कार्यक्रममा लक्ष्मी चौधरी प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । साथै संघका पूर्व अध्यक्षहरू सुकदेव साह रौनियार, अजय कुमार साह, लक्ष्मी प्रसाद साह कलवार लगायत वडा जनप्रतिनिधि, सुरक्षाकर्मी, व्यापारी तथा समाजसेवीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



अन्तरक्रियामा सहभागीहरूले कोल्हबी बजार दिनप्रतिदिन अव्यवस्थित बन्दै गएको भन्दै चिन्ता व्यक्त गरेका थिए । माछा व्यापारीहरूले जथाभावी फोहोर फाल्ने, नालामा प्लास्टिक तथा सिसाजन्य वस्तु फालिने, सडक अतिक्रमण तथा अव्यवस्थित पार्किङका कारण बजार क्षेत्रमा दुर्गन्ध र दुर्घटनाको जोखिम बढिरहेको धारणा राखिएको थियो ।

समाजसेवी भुवन प्रसाद चौधरी ले प्रत्येक व्यापारीले आफ्ना पसल अगाडिको फोहोर आफैं व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सडक साँघुरो बनाउने गरी साइकल चलाउने र टहरा-छाप्रो विस्तार गर्ने प्रवृत्तिले दुर्घटनाको सम्भावना बढाएको बताउनुभयो ।

त्यस्तै शिक्षक वीरेन्द्र चौधरी ले पसल अगाडि पाल टाँग्ने कार्य रोक्नुपर्ने सुझाव दिनुभयो भने स्वास्थ्यकर्मी सिहन्तर चौधरी ले प्राथमिक स्वास्थ्य केन्द्र जाने बाटोमा पशु चौपाया बाँध्दा सर्वसाधारणलाई समस्या भइरहेको उल्लेख गर्नुभयो ।

नगरपालिकाका सरसफाइ फोकल पर्सन देवनारायण चौधरी ले बजारका ठूला डस्टबिनको सही प्रयोग गर्न आग्रह गर्दै नालामा फोहोर फाल्ने प्रवृत्तिले सरसफाइमा समस्या थपिएको बताउनुभयो । उहाँले सरसफाइ सप्ताह तथा केन्द्र सरकारबाट आएका सरसफाइसम्बन्धी निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पूर्व अध्यक्ष लक्ष्मी प्रसाद साह कलवारले कर उठाउने मात्रै नभई बजार सरसफाइमा पनि नगरपालिका जिम्मेवार हुनुपर्ने धारणा राख्नुभयो । वडा नम्बर १ का वडा अध्यक्ष राजहरण चौधरी ले नालामा फोहोर नफाल्न र समयमै फोहोर व्यवस्थापन गर्न जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै उपप्रमुख लक्ष्मी चौधरीले नगर प्रहरी गठन, पार्किङ व्यवस्थापन तथा बजार सरसफाइका विषयमा नगर प्रमुखसँग छलफल गरी समाधानतर्फ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसैबीच, कोल्हबी नगर उद्योग वाणिज्य संघले आफ्ना सम्पूर्ण सदस्य व्यापारीहरूका लागि दुर्घटना बिमा सुविधा लागू गर्ने निर्णय गरेको जनाएको छ । संघका अनुसार दुर्घटनामा उपचार खर्च उपलब्ध गराइनेछ भने मृत्यु भएमा परिवारलाई एक लाख रुपैयाँ राहत सहयोग प्रदान गरिनेछ । व्यापारीहरूको सामाजिक सुरक्षा र हितलाई ध्यानमा राखेर गरिएको उक्त निर्णयलाई स्थानीय व्यवसायीहरूले सकारात्मक तथा स्वागतयोग्य कदमका रूपमा लिएका छन् ।

# लागू औषध विरुद्ध रौतहट प्रहरीको विशेष अभियान सुरूः शान्त र सुरक्षित समाज निर्माणको लक्ष्य

***शु. आ. सम्बाददाता***
***रौतहट, २६ बैशाख***

रौतहट जिल्लालाई लागू औषध मुक्त बनाउने र सुरक्षित समाज निर्माण गर्ने उद्देश्यका साथ जिल्ला प्रहरी कार्यालय रौतहटले लागू औषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान २०८३ को भव्य शुभारम्भ गरेको छ । बुधबार सदरमुकाम गौरको सशस्त्र प्रहरी सिमा सुरक्षा गुल्ममा आयोजित एक विशेष कार्यक्रमका बीच यस अभियानको औपचारिक उद्घाटन गरिएको हो ।



बढ्दो लागू औषध दुर्व्यसनलाई न्यूनीकरण गर्न र अवैध ओसारपसारमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन यो अभियान सञ्चालन गरिएको हो । कार्यक्रममा प्रस्तुत तथ्याङ्क अनुसार विश्वभर करिब २९ करोड ६० लाख मानिस लागू औषधको चपेटामा छन् भने वार्षिक ५ लाखभन्दा बढीको मृत्यु हुने गरेको छ । नेपालमा पनि गृह मन्त्रालयको २०७६ को सर्वेक्षण अनुसार १ लाख ३० हजारभन्दा बढी प्रयोगकर्ता रहेका र वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेकाले यसको नियन्त्रण चुनौतीपूर्ण बनेको छ ।

अभियानको समुद्घाटन गर्दै गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले लागू औषधले युवा पुस्तालाई बर्बादीतर्फ धकेलिरहेको भन्दै यसलाई निर्मूल पार्न स्थानीय सरकार प्रहरीसँग काँधमा काँध मिलाएर अघि बढ्ने प्रतिबद्धता जनाए ।

प्रहरी उपरीक्षक सिताराम रिजालले अभियानका रणनीतिहरूबारे प्रकाश पारेका थिए । उनका अनुसार यो अभियान केवल पक्राउ र कारवाहीमा मात्र सीमित नभई सेवाग्राहीको खोजी परामर्श र पुनर्स्थापनामा केन्द्रित हुनेछ । अभियान अन्तर्गत निम्न कार्यहरू गरिने जोखिम समूहमा रहेका विद्यार्थीहरूलाई लक्षित गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने, रौतहट छिर्ने नाकाहरूमा तालिमप्राप्त कुकुरसहितको नियमित र आकस्मिक जाँच, प्राकृतिक रूपमा उम्रिएका र व्यावसायिक रूपमा खेती गरिएका गाँजा फँडानी गर्ने,सेवनकर्ताहरूलाई पहिचान गरी अभिभावकको उपस्थितिमा सुधार केन्द्र पठाउन वा परामर्श दिन प्रेरित गर्ने,

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले लागू औषध नियन्त्रणका लागि सूचना संयन्त्रलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । यस्तै सशस्त्र प्रहरी सीमा सुरक्षा बलका डीएसपी प्रेमसागर बिष्ट, राष्ट्रिय अनुसन्धानका प्रमुख कुमार बुढाथोकी,भंसार सुरक्षा गार्ड कार्यालयका प्रनानी तेजप्रताप सिंह, दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष शम्भु सिंह र प्रादेशिक अस्पताल गौरका डा. घनश्याम ठाकुरले स्वास्थ्य र सुरक्षा दुवै दृष्टिकोणले यो अभियान निकै महत्त्वपूर्ण रहेको बताए ।

कार्यक्रममा सञ्चारकर्मी, सामाजिक संस्था साना हातहरू नेपालका स्टेशन म्यानेजर ललन यादव, समाजिक अभियन्ता अरुण पटेल र स्थानीय बासिन्दाहरूको ठूलो उपस्थिति रहेको थियो । प्रहरीले लागू औषध सम्बन्धी कुनै पनि सूचना भएमा नेपाल प्रहरीको १०० वा जिल्ला प्रहरी कार्यालयको नम्बरहरू ९८५५०९०३७४ र ९८५५०४०९९९ मा जानकारी दिन सर्वसाधारणलाई अपिल गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा आयोजित यो अभियानले रौतहटमा अपराध न्यूनीकरण तथा कुलतविरुद्ध जनचेतनामूलक अभियान सञ्चालन अपराध न्यूनीकरण तथा युवाहरूलाई कुलतबाट जोगाउने उद्देश्यले जनचेतनामूलक अभियान सञ्चालन गरिएको छ ।

प्रहरीले विद्यालय, सार्वजनिक स्थल तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै युवापुस्तालाई लागुऔषध दुर्व्यसन, हिंसा तथा अन्य आपराधिक गतिविधिबाट टाढा रहन आग्रह गरेको जनाए । जिल्लामा शान्ति सुरक्षा कायम राख्दै सभ्य र सुरक्षित समाज निर्माणमा अभियान प्रभावकारी हुने विश्वास लिइएको प्रहरीले जनाएको छ । स्थानीयवासीले समेत यस्ता कार्यक्रमले युवामा सकारात्मक सन्देश प्रवाह हुने बताए ।

# चार महिनादेखि ट्राफिक कार्यालयमै थन्किएको भारतीय ग्यास बुलेट ट्यांकर

***रौतहट, २६ बैशाख***

गत पुष महिनामा पूर्व-पश्चिम राजमार्गमा दुर्घटना भई करिब २४ घण्टा सडक अवरुद्ध बनाएको भारतीय एलपी ग्यास बुलेट ट्यांकर अझैसम्म अलपत्र अवस्थामा रहेको छ । दुर्घटनापछि राजमार्गबाट हटाएर ल्याइएको उक्त ट्यांकर चार महिना बितिसक्दा पनि सवारीधनी सम्पर्कमा नआएको प्रहरीले जनाएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार यूपी १७ एपी २११४ नम्बरको भारतीय ग्यास बुलेट ट्यांकर हाल कार्यालय परिसरमै राखिएको छ । कार्यालय प्रमुख राजेन्द्र थापामगरले चालकमार्फत सवारीधनीलाई जानकारी गराइए पनि अहिलेसम्म कसैले सम्पर्क नगरेको बताए । उक्त ट्यांकर २०८२ साल पुष १५ गते भारतबाट वीरगञ्ज नाका हुँदै पूर्वतर्फ जाँदै गर्दा चन्द्रपुर नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गको दोस्रो लच्कानजिक दुर्घटनामा परेको थियो । स्टेरिङ जाम भएर अनियन्त्रित बनेको ट्यांकर सडकको बीच भागमै पल्टिएपछि राजमार्गमा लामो समयसम्म यातायात अवरुद्ध भएको थियो ।




दुर्घटनामा भारतका चालक पवन यादव घाइते भएका थिए । ग्यास चुहावट तथा आगलागीको उच्च जोखिमका कारण उद्धार र व्यवस्थापन कार्य निकै चुनौतीपूर्ण बनेको प्रहरीले जनाएको छ । आवश्यक प्राविधिक उपकरण अभाव हुँदा ट्यांकरभित्र रहेको सम्पूर्ण ग्यास बाहिर निकालेर मात्रै सडकबाट हटाउन सम्भव भएको थियो । प्रहरीका अनुसार भारतीय नम्बर प्लेटको सवारी भएकाले कानुनी तथा प्रशासनिक प्रक्रिया जटिल बनेको छ । साथै जोखिमयुक्त संरचना भएकाले अन्यत्र सुरक्षित व्यवस्थापन गर्न समेत कठिनाइ भइरहेको बताइएको छ ।

चार महिनासम्म पनि सवारीधनी सम्पर्कमा नआउँदा ट्राफिक कार्यालय परिसरमै जोखिमयुक्त ट्यांकर राख्नुपरेको भन्दै स्थानीयवासीले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

# वीरगंज-१० मा चौथो वडा स्तरीय क्रिकेट प्रतियोगिता सुरू

***पवन प्रसाद साह***
***वीरगंज, २६ बैशाख***

वीरगंज महानगरपालिका वडा नं. १० को आयोजनामा चौथो संस्करणको वडा स्तरीय क्रिकेट प्रतियोगिता शुक्रबारदेखि विधिवत रूपमा सुरु भएको छ । युवाहरूमा खेलकुदप्रति आकर्षण बढाउने तथा अनुशासन, सद्भाव र सहकार्यको भावना विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ ।



प्रतियोगिताको उद्घाटन प्रतिनिधिसभा सदस्य सुशील साह कानुको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो । कार्यक्रम वडा नं. १० का कार्यवाहक वडा अध्यक्ष सन्तोष जैसिको अध्यक्षतामा सम्पन्न भएको थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै सांसद साहले खेलकुदले युवालाई सकारात्मक दिशातर्फ अग्रसर गराउने बताउँदै स्थानीय तहबाट यस्ता प्रतियोगिता निरन्तर सञ्चालन हुनुपर्ने धारणा व्यक्त गरे । उनले खेलकुदमार्फत समाजमा अनुशासन, भाइचारा र सहकार्यको भावना मजबुत बन्ने उल्लेख गरे ।

कार्यक्रममा वरिष्ठ उद्योगपति अशोक बैध, प्याब्सन नगर अध्यक्ष राहुल श्रीवास्तव, रबि श्रीवास्तव, घडिअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोष कानु, वडा सचिव पवन प्रधानलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रअन्तर्गत वडा भित्रका आठ विद्यालयको सहभागितामा मार्चपास प्रतियोगिता पनि आयोजना गरिएको थियो । प्रतियोगितामा लिटिल एन्जल्स सेकेन्डरी स्कुल प्रथम, माउन्ट मकालु इङ्गिलस बोर्डिङ स्कुल द्वितीय तथा श्री रामचरण पन्नालाल माध्यमिक विद्यालय तृतीय भएका छन् । उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयका विद्यार्थीहरूलाई आयोजकले बधाई तथा शुभकामना व्यक्त गरेको थियो ।कार्यक्रम सञ्चालन पत्रकार क्रान्ती साहले गरेका थिए ।

आयोजकका अनुसार प्रतियोगितामा विभिन्न टोलीहरूको सहभागिता रहनेछ भने आगामी केही दिनसम्म प्रतिस्पर्धात्मक खेलहरू सञ्चालन हुनेछन् । प्रतियोगिताले स्थानीय स्तरमा क्रिकेट खेलको विकासमा थप टेवा पुग्ने विश्वास गरिएको छ ।

## छिपहरमाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, भिस्वा, पर्सा

## फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका